# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
# लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/०८३
च.नं.

मितिः- २०८२/०५/११

## सूचना । सूचना ।। सूचना ।।।

**विषयः- निःशुल्क तालिम संचालन सम्बन्धमा ।**

प्रस्तुत विषय सम्बन्धमा पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि. ले स्वदेशमा उद्यमी, रोजगारी साथै वैदेशिक रोजगारमा जान चहाने युवाहरु, रिटर्नी माईग्रेन्ट तथा उनका घर परिवारको सदस्यहरुलाई लक्षित गरि तपसिलका विभिन्न विषयमा निःशुल्क खाना बस्न सहितको सिपमुलक तालिम संचालन गर्न लागेको हुँदा ईच्छुक व्यक्तिहरुले पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि.मा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | तालिमको विषय | अवधि | सहभागी उमेर | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १) | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७-४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २) | डकर्मी प्लम्वर र स्टिल फिक्चर | ४ महिना | | | १० जना |
| ३) | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७-२७ वर्ष भित्रका | ८ कक्षा पास | २ जना |
| ४) | वेशिक र एडभान्स इलेक्ट्रीकल | ६ महिना | | | २ जना |

आवश्यक कागजातहरुः-

१) नेपाली नागरिकताको प्रतिलिपि - १
२) पासपोर्ट साईजको फोटो – २
३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि – १
४) अभिभावक मन्जुरीनामा र सम्झौता पत्र – १
५) धरौटी रकम फिर्ता हुने गरि रु.५००० मात्र

**तालिम सहभागी दर्ता मितिः- २०८२/०६/०५ भित्रमा, तालिम संचालन मितिः- २०८२/०७/११ देखि**

सम्पर्क कार्यालयः-

पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि., पोखरा-११, रानीपौवा
फोन न.:- ०६१-५७२५६९, ९८५६०३१५६९, ९७६६१३३५१८
Email:- pvttibl@gmail.com, Whatsapp No.:- ९८०५१३४४२२

२०८२/०५/११
जंग मल्ल
(रोजगार संयोजक)
जंग मल्ल
रोजगार संयोजक

०८२/०५/११
पुष्कर काफ्ले
(नि.प्रमुख प्रशासकीय अधिकृत)
नि. प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखाः- कार्यालयको वेवसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।

**पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।**

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर वेश) तथा (फि वेश) शुल्क तिरेर संचालीत तालिम ............................................................ .(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री...................................को छोरा...................................................निबासी श्री.............................................. (यस पछि दोस्रो पक्ष भनिने) बिच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

## प्रथम पक्षको जिम्मेवारी

- प्राबिधिक शिक्षा तथा ब्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्बन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्क्रम अनुसारको निशुल्क तालिम संचालन गराउने छौं ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिफर्म आदि सुविधा नि-सर्थ उपलब्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

## दोस्रो पक्षको जिम्मेवारी

- यस तालिमा सकिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा बाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- PVTTI र तालिम सहभागी बिचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ। यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यर्होन पर्ने छ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ। उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ।
- तालिम अबधिमा आफुले तालिम संग सम्बन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ।
- पर्खाल तथा गेट बाट फिट्ठकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भए Insurance गरिने छैन।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु। उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ। यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारबाही व्यर्होने छौ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| ................ | .......................... | .......................... |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |